नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
अर्घाखाँची

पत्र संख्याः
चलानी नं.

मितिः२०७६/०८/११

## सूचना सूचना सूचना

यहि मिति २०७६ साल मार्ग १४ गते यस जिल्लाको मालारानी गाउँपालिका वाड नं. ३ को वडाअध्यक्षको लागि उपनिर्वाचन हुने ब्यहोरा सबैमा बिदितै छ । उक्त उपनिर्वाचन शान्तिपुर्ण , निस्पक्ष , भयरहित र मर्यादित बनाउनको लागि सवारी आवागमन सम्बन्धि निम्नानुसारको सुचना सम्पुर्णको जानकारिको लागि प्रेशित गरिएको छ।

१. उपनिर्वाचन २०७६/८/१४ गतेको दिन विहान ५ वजे देखि साँझ ७ बजेसम्म मालारानी गाउपालिका वाड नं. ३ को क्षेत्र भित्र जिल्ला प्रशासन कार्यालयको अनुमतिपत्र लिएका बाहेक अन्य कुनै पनि सार्वजनिक तथा निजि सवारी साधन प्रवेश निषेध गरिएको छ।

२. उपनिर्वाचनका उम्मेदवारले एकमात्र हलुका सवारी साधनको पास लिन सक्नु हुनेछ । उक्त सवारीसाधनमा दुई जना सम्म सम्वन्धित वडाका मतदाता राख्न पाइने छ।

३. संचार क्षेत्रका लागि सम्बन्धित आफ्नो संस्थाको आधिकारिक पत्रमा सवारी नं. सवारीको किसिम सवारी प्रयोगकर्ता /संस्था वा व्यक्तिको नाम र उक्त सवारीमा यात्रा गर्ने यात्रु संख्या सवारी प्रयोग हुने जिल्ला र सवारी चालकको नाम (लाईसेन्स नम्बर सहित) उल्लेखगरी पत्रकार महासंघ अर्घखाँचीको सिफारिस सहित मिति २०७६/०८/१२ गते सम्ममा प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिई सवारी साधन अनुमति पत्र पास गर्नु पर्नेछ।

४. मतदान केन्द्र परिसरमा ( मतदान केन्द्रको भित्रि घेरा बाहिर सम्म) प्रवेश गर्न चाहने पत्रकारज्यू हरुले फोटो सहितको अनुमतिपत्र मिति २०७६/०८/१२ गते सम्म प्राप्त गरिसक्नु पर्नेछ।

५. मानवीय उद्धार एवं सहायता , विवाह, वर्तवन्ध लगायतका कार्य गर्नको लागि प्रयोग गर्नुपर्ने सवारी साधनहरुको अनुमतिपत्र प्रमुख जिल्ला अधिकारी वाट लिई संचालन गर्न सकिनेछ।

६. स्वदेशी तथा विदेशी पर्यवेक्षकको हकमा निर्वाचन आयोगबाट र स्थानिय रुपमा लिन चाहाने संस्था वा ब्यक्तिले आफ्नो सम्बन्धित केन्द्रिय संस्था वा निकायको सिफारिस सहित प्रमुख जिल्ला अधिकारीबाट अनुमति पत्र लिनु पर्ने छ।

७. अत्यावश्यक सेवा ( एम्बुलेन्स,, खानेपानीको ट्याङ्कर, दमकल, दुरसंचार सेवा, शववहान, अस्पताल सेवा तथा विद्युत सेवा)को हकमा सवारी अनुमतिपत्र लिइरहनु नपर्ने।

८।३।७६

विजयराज पौडेल
प्रमुख जिल्ला अधिकारी



Ph: 077-420133 | 077-420208 | 077-420731 | Fax: 077-420209 | Toll Free: 1660-77-42042 | Notice Board: 1618077420208
E-Mail: daoarghakhanchi@moha.gov.np | arghakhanchidao@gmail.com | Website: daoarghakhanchi.moha.gov.np